राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १९५ २०८२ फागुन ५ गते मंगलवार (17 Feb. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## पन्ध्र दिवसीय मिथिला माध्यमिकी परिक्रमा सुरु



दैनिक समाचारदाता

जनकपुरधाम, ४ फागुन । पन्ध्र दिवसीय ऐतिहासिक मिथिला माध्यमिक परिक्रमा सोमबारदेखि धनुषाको कौचरीबाट विधिवत सुरु भएको छ । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले डोला उठाएर यसको सुरुवात गर्नुभयो ।

नेपाल र भारतका हजारौँ श्रद्धालु भक्तजनको सहभागिता रहने सो परिक्रमा विभिन्न १५ स्थानमा विश्राम गरी एक सय ३३ किलोमिटर पैदलयात्रा गर्ने छन् । सोमबार बिहान धनुषाको मिथिला विहारी नगरपालिका-८ कौचरीस्थित मिथिला विहारी मन्दिरबाट झाँकी कीर्तनसहित श्रद्धालु यात्राका लागि प्रस्थान गर्नुभएको छ ।

परिक्रमामा नेपाल र भारतका लाखौँ भक्तजनको सहभागिता रहने अपेक्षा गरिएको छ । नेपालका ११ र भारतका चार गरी १५ पडावस्थल पार गर्दै तीर्थयात्रीले नाङ्गो खुट्टा करिब १३३ किलोमिटर दूरी तय गर्ने परम्परा रहेको छ ।

मिथिला विहारी मन्दिरका महन्थ नरेश दासले यहाँबाट झाँकी कीर्तनसहितको डोला जनकपुरधामको हनुमानगढी पुग्ने सो ठाउँमा जानकीमन्दिर र राममन्दिर लगायत अन्य मठमन्दिरबाट आएका भगवानका डोला तथा भक्तजन एकत्रित भएर कल्यानेश्वरका लागि सोही दिन प्रस्थान गरिने जानकारी दिनुभयो ।

उहाँका अनुसार पहिलो दिन

*बाँकी पृष्ठ ३ मा*

## धनुषामा चुनावी तरंग

# गाछी-सूर्यदेखि घण्टीसम्म, कसको भाग्य बलियो ?



दैनिक समाचारदाता

जनकपुरधाम ४ फागुन । धनुषाका चारवटै प्रतिनिधिसभा निर्वाचन क्षेत्र यतिबेला चुनावी बहस, अड्कल र अनुमानले तातेका छन् । शहरका चिया पसलदेखि गाउँका चौतारीसम्म एउटै प्रश्न घुमिरहेको छ(“को अगाडि छ ?” तर जवाफ भने कसैसँग ठोस छैन ।

कतै “अबकी बार बालेन सरकार” भन्ने नारा गुन्जिरहेको छ, कतै “छाता छाप” को चर्चा छ, त कतै “गाछी” र “सूर्य” को प्रतिस्पर्धा चर्को बहसको विषय बनेको छ । सामाजिक सञ्जालमा ‘घण्टी(घण्टी’ को लहर देखिन्छ भने जमीनी यथार्थ कस्तो छ भन्नेबारे मतदातासमेत स्पष्ट हुन सकेका छैनन् ।

विशेषगरी धनुषा निर्वाचन क्षेत्र नं. ३ र ४ सर्वाधिक चर्चामा छन् । धनुषा(३ मा नेपाली कांग्रेसका प्रभावशाली नेता विमलेन्द्र निधि, नेकपा एमालेकी जुली कुमारी महतो, राष्ट्रिय स्वतन्त्र पार्टीका मनिष झा तथा जनता समाजवादी पार्टी नेपालका परमेश्वर साहको चर्चा छ । तर प्रतिस्पर्धा जुली र निधिबीच हुने आकलन गरिन्छ । यता धनुषा(४ मा नेपाली कांग्रेसका महेन्द्र यादव, नेकपा एमालेका रघुवीर महासेठ र जसपा नेपालका ई.डा.कृष्णचन्द्र साह मुख्य प्रतिस्पर्धीका रूपमा हेरिएका छन् ।

तर रोचक कुरा के छ भने चुनावी बहसमा सक्रियता देखाउनेहरू मुख्यतः पार्टीका नेता(कार्यकर्ता नै हुन् । उनीहरू संगठनको बल, विगतका काम, सम्भावित मतअन्तर र आर्थिक खर्चको हिसाबकिताब गर्दै आफ्ना उम्मेदवारलाई अगाडि देखाउन व्यस्त छन् । तर आम मतदाता भने मौन छन् । उनीहरू खुलेर कसलाई मतदान गर्ने भन्नेबारे बोलिरहेका छैनन् ।यस पटकको निर्वाचन समयअगावै हुनुले पनि मतदातामा अन्योल बढाएको देखिन्छ । कतिपय मतदाताले उम्मेदवारबाट अपेक्षित काम नदेखिएको गुनासो गर्छन् भने कतिपयले “कसले कति खर्च गर्छ” भन्ने समीकरणतर्फ ध्यान गएको अनुमान गर्छन् । राजनीतिक विश्लेषक रोशन जनकपुरी र भोगेन्द्र झाका अनुसार निर्वाचन जित्ने पहिलो आधार संगठन हो, दोस्रो स्पष्ट एजेण्डा र तेस्रो उम्मेदवारको जनतासँगको प्रत्यक्ष सम्बन्ध । उनीहरू भन्छन्, “सामाजिक सञ्जालमा देखिएको लहर नै अन्तिम सत्य होइन ।” पछिल्ला अन्तर्राष्ट्रिय र क्षेत्रीय निर्वाचन परिणामले पनि देखाएको छ । अनलाइन चर्चाभन्दा जमीनी संगठन बलियो भए परिणाम फरक आउँछ । त्यसैले पुराना दलहरूलाई कम आँक्न मिल्दैन ।

यसपटकको निर्वाचन संघीयताको पक्ष(विपक्षको जनमतको रूपमा पनि व्याख्या भइरहेको छ । संघीय संरचना जनताले चाहेका छन् कि छैनन् ? यो प्रश्न पनि मतपेटिकामा उत्तर खोज्दैछ । धनुषा(३ मा संगठनका हिसाबले कांग्रेस र एमालेबीच नै मुख्य टक्कर हुने सर्वसाधारणको अनुमान छ । यद्यपि सामाजिक सञ्जालमा देखिएको नयाँ शक्तिको प्रभावलाई पूर्ण रूपमा अस्वीकार गर्न सकिने अवस्था छैन ।

त्यस्तै धनुषा(४ मा “गाछी” र “सूर्य” बीच नै मुख्य प्रतिस्पर्धा हुने चर्चा छ । उम्मेदवारहरूले फागुन ४ गतेदेखि प्रचारलाई तीव्रता दिएका छन् । सभा, घरदैलो, भेटघाट र डिजिटल अभियान सबै सक्रिय छन् । तर अन्ततः मतदाताको मन जित्न सफल को हुन्छ भन्ने कुराले नै परिणाम निर्धारण गर्नेछ ।


## निर्वाचनलाई वातावरणमैत्री बनाऔं ।

- सभा, जुलुस, ऱ्याली वा घरदैलो कार्यक्रमहरूमा प्रयोग भएका सामग्रीहरूको व्यवस्थापन गरौं ।
- निर्वाचन प्रचारप्रसार गर्दा वातावरणमैत्री सामग्रीहरूको प्रयोग गरौं।
- निर्वाचन प्रचारप्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं।
- निर्वाचन प्रचारप्रसारमा सभा, जुलुस वा ऱ्यालीमा ध्वनि तथा वायु प्रदूषण न्यून गर्ने उपाय अपनाऔं।
- निर्वाचन प्रचारप्रसारमा प्लास्टिकजन्य सामग्रीको प्रयोग नगरौं।
- निर्वाचनका समयमा विद्युतीय सवारी साधनलाई प्राथमिकता दिऔं।
- निर्वाचनका समयमा पर्चा/पोस्टर टाँस्ने वा भित्ते लेखन जस्ता कार्य नगरौं।
- निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं।

हरित निर्वाचन अभियानलाई सफल पारौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## अब अनलाइनबाट बुकिङ्गको सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# गोदाम अभाव कि व्यवस्थापन अभाव ?

जनकपुरधामस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले धान खरीद बीचमै बन्द गरेपछि मधेशका किसान पुनः अन्योल र अन्यायको चक्रमा धकेलिएका छन् । समर्थन मूल्य घोषणा गरेर किसानलाई आकर्षित गर्ने, तर वास्तविक खरीद प्रक्रियामा व्यवस्थापन अभाव देखाउँदै हात झिक्ने प्रवृत्तिले राज्यप्रति किसानको भरोसा कमजोर बनाउँदै लगेको छ ।

यस वर्ष संघीय सरकारले तोकेको समर्थन मूल्यअनुसार सोना मनसुली धान प्रतिक्विन्टल ३ हजार ६२८ रुपैयाँ निर्धारण गरिएको थियो । यो मूल्य निजी गल्ला व्यापारीले दिने दरभन्दा २००-३०० रुपैयाँ बढी थियो । दुई वर्षपछि समर्थन मूल्यमा वृद्धि भएपछि किसानहरू उत्साहित हुनु स्वाभाविक थियो । उनीहरूले सरकारी संस्थामार्फत धान बिक्री गरेर उचित मूल्य पाउने आशा गरेका थिए । तर गोदाम अभावको कारण देखाउँदै खरीद प्रक्रिया रोकिँदा किसान पुनः निजी व्यापारीको दैलोमा पुग्न बाध्य भएका छन् ।

यहाँ प्रश्न उठ्छ–के गोदाम अभाव आकस्मिक समस्या हो, कि पूर्वतयारीको कमजोरी ? यदि १३ हजार क्विन्टल धान खरीद गर्ने लक्ष्य निर्धारण गरिएको थियो भने सोहीअनुसार भण्डारण व्यवस्थापन किन सुनिश्चित गरिएन ? माघ २३ गतेसम्म ११ हजार ६७५ क्विन्टलभन्दा बढी धान खरीद भइसकेको अवस्थामा बाँकी लक्ष्य पूरा गर्न नसक्नु प्रशासनिक लापरवाही होइन र ? लक्ष्य तोक्ने तर त्यसको आधारभूत पूर्वाधार तयार नगर्ने प्रवृत्ति स्वयंमा नीति र कार्यान्वयनबीचको गहिरो दूरीको प्रमाण हो ।

मधेशका किसानहरू वर्षभरि मेहनत गरेर उत्पादन गर्छन् । उत्पादनको समयमा मूल्य घट्ने र बिचौलियाले लाभ उठाउने पुरानै समस्या हो । यसलाई सम्बोधन गर्नकै लागि समर्थन मूल्यको अवधारणा ल्याइएको हो । तर जब सरकारी संयन्त्र आफैं अस्थिर र अपूरो तयारीसहित प्रस्तुत हुन्छ, त्यसले बजारमा निजी व्यापारीलाई नै बलियो बनाउने काम गर्छ । किसानको कमजोर अवस्थाको फाइदा उठाउँदै व्यापारीले कम मूल्यमा धान संकलन गर्ने अवसर पाउँछन्, र राज्य मूकदर्शक बनेको देखिन्छ ।

अझ बासमती चामल खरीदको सन्दर्भले सरकारी नीतिको ढिलासुस्ती झन् प्रस्ट पार्छ । संघीय सरकारले २ हजार क्विन्टल खरीद गर्ने लक्ष्य दिएको भए पनि दररेट निर्धारण नहुँदा खरीद नै सुरु हुन नसक्नु नीतिगत समन्वय अभावको उदाहरण हो । लक्ष्य घोषणा र कार्यान्वयनबीचको असंगति कृषिक्षेत्रमा निरन्तर दोहोरिने समस्या बनिसकेको छ ।

किसानको पीडा केवल आर्थिक हानि मात्र होइन, मनोवैज्ञानिक निराशासमेत हो । समर्थन मूल्यमा बिक्री हुने अपेक्षाले निजी व्यापारीसँग तत्काल सम्झौता नगरेका किसान अहिले झन् कम मूल्यमा धान बेच्न बाध्य भएका छन् । यसले राज्यको विश्वसनीयतामा प्रत्यक्ष आघात पुऱ्याउँछ । यदि सरकारी घोषणा व्यवहारमा परिणत हुँदैन भने आगामी वर्ष किसानले सरकारी संयन्त्रप्रति भरोसा गर्ने आधार के रहन्छ ?

यो समस्या केवल एउटा कार्यालयको निर्णयमा सीमित छैन । यसले कृषि नीतिको समग्र दृष्टिकोण र व्यवस्थापन क्षमतामाथि प्रश्न उठाएको छ । उत्पादन बढाउन प्रोत्साहन गर्ने, तर बिक्री र भण्डारणको संरचना सुदृढ नगर्ने नीति दीर्घकालीन रूपमा कृषकलाई नै निरुत्साहित बनाउने खतरा हुन्छ । खाद्य सुरक्षाको आधार नै किसान हो भन्ने कुरा नीतिनिर्माताले बुझ्न जरुरी छ ।

अब आवश्यक छ–तत्काल वैकल्पिक गोदाम व्यवस्थापन गरी खरीद प्रक्रिया पुनः सञ्चालन गर्ने स्पष्ट निर्णय । अस्थायी भण्डारण, निजी गोदाम भाडामा लिने, वा अन्य प्राविधिक समाधानमार्फत किसानलाई राहत दिन सकिन्छ । साथै, आगामी वर्षका लागि खरीद लक्ष्य निर्धारण गर्दा पूर्वाधारको यथार्थ मूल्यांकन अनिवार्य हुनुपर्छ ।

राज्यले यदि समर्थन मूल्य घोषणा गर्छ भने त्यसको कार्यान्वयन सुनिश्चित गर्नु उसको दायित्व हो । अन्यथा 'समर्थन' शब्द नै किसानका लागि व्यंग्यजस्तै बन्न पुग्छ । मधेशका किसानलाई आश्वासन होइन, भरोसायोग्य व्यवस्थापन चाहिएको छ । गोदाम अभावको बहानाभन्दा जिम्मेवार समाधान अबको आवश्यकता हो ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# नेपाली सुरक्षा निकायहरूलाई पत्र



प्रा.डा. ऋषिकेश नारायण श्रेष्ठ

नेपाली सेना दिवसको हार्दिक शुभकामना ! राष्ट्रको सार्वभौमसत्ता, अखण्डता र सुरक्षाका लागि समर्पित सम्पूर्ण नेपाली सेनाप्रति उच्च सम्मान र कृतज्ञता व्यक्त गर्दछु ।

हाम्रा प्रिय सेना, प्रहरी, सशस्त्र प्रहरी र अनुसन्धान जवानहरू,

देशको जटिल भौगोलिक बनावट, समय-समयमा देखिने राजनीतिक अस्थिरता, सुरक्षा सङ्गठनको समयअनुसार वृद्धि-विकास नहुनु र आधुनिक उपकरणहरूको कमीका बाबजुद पनि राष्ट्र र जनताको सुरक्षाका लागि तपाईंहरूले निर्वाह गरिरहनुभएको भूमिकाप्रति म हार्दिक सम्मान प्रकट गर्न चाहन्छु। सेवा सुविधा र पदोन्नतिका क्रममा हुने राजनीतिक हस्तक्षेपजस्ता चुनौतीहरूका बिच पनि तपाईंहरूले प्रदर्शन गर्नुभएको व्यावसायिकता, अनुशासन र समर्पण प्रशंसनीय छ।

हाम्रो समाजमा केही अस्थिरतावादी तत्त्वहरूले तपाईंहरूका बारेमा भ्रम सिर्जना गर्ने कोसिस गरेकाले सुरक्षा निकायको महत्त्वबारे केही विचार सार्वजनिक गर्ने क्रममा यो पत्र लेख्दै छु, ताकि तपाईंहरूको योगदानप्रति समाजमा थप सकारात्मक सन्देश जाओस्। साथै, यो लेख र पत्रले निकट भविष्यमा असहज परिस्थिति बिच सम्पन्न हुन गइरहेको आम निर्वाचन सफल पार्न तपाईंहरूमा अझ आत्मविश्वास, उत्साह र राष्ट्रसेवाको भावना अभिवृद्धि गरोस् भन्ने अपेक्षा राख्दछु।

राष्ट्र र जनताको सेवामा तपाईंहरूको समर्पण सधैं सम्मानयोग्य रहनेछ। एउटा मानव जन्मिनासाथ उसको पहिलो अधिकार बाँच्नु हो र त्यसपछि सुरक्षित रूपमा बाँच्नु हो। जीवनलाई अनुशासित र मर्यादित ढङ्गले अघि बढाउँदै जाने क्रममा मानिसको अन्तिम चाहना शान्तिसँग बाँच्न पाउनु नै हो। हाम्रो धार्मिक तथा सांस्कृतिक परम्परा अनुसार पनि प्रार्थनाको अन्त्यमा "शान्ति, शान्ति, शान्ति" उच्चारण गरिन्छ। एकजना धर्मगुरुले भन्नुभएको छ–विश्वका प्रत्येक मानव जाति शान्ति स्थापना गर्न चाहन्छन् र त्यसकालागि प्रयास गरिराखेका हुन्छन्। मानवताका मार्गबाट विचलित केही व्यक्ति वा समूह मात्र शान्ति भङ्ग गर्ने, शान्तिमा बस्न नचाहने, शान्ति नै मन नपराउने र समाजमा अशान्ति मच्चाइरहने गर्छन् । यो सन्देशले शान्तिको सर्वोच्च महत्त्वलाई झल्काउँछन्।

शान्ति बिना न व्यक्ति सुरक्षित रहन सक्छ, न समाज व्यवस्थित हुन सक्छ, न राष्ट्र समृद्ध हुन सक्छ। यही यथार्थलाई आत्मसात् गर्दै विश्वमा दिगो शान्ति स्थापना गर्न विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूको स्थापना गरिएको छ। संयुक्त राष्ट्रसंघ लगायतका संस्थाहरूले द्वन्द्व न्यूनीकरण, मानवअधिकार संरक्षण र अन्तर्राष्ट्रिय सहकार्य प्रवर्द्धनमार्फत विश्व शान्तिको आधार निर्माण गर्ने प्रयास गरिरहेका छन्।

त्यसैले राष्ट्रहरूबिच सहकार्य, कूटनीति र अन्तर्राष्ट्रिय कानुनको पालनाबाट मात्र दिगो विश्व शान्ति सम्भव छ। विश्वका सुरक्षा निकायहरू यस दिशामा निरन्तर क्रियाशील छन्। यसरी हेर्दा, शान्ति मानव जीवनको आधारभूत आवश्यकता मात्र होइन, समग्र विश्व सभ्यताको मूल स्तम्भ हो।

देशभित्र राष्ट्रिय सुरक्षा तथा शान्ति स्थापना गर्न गरिने धेरै प्रयासहरूमध्ये शक्तिशाली सुरक्षा निकायहरूको अहम् उपस्थिति हुन्छ। राष्ट्रिय सुरक्षा र सुरक्षा निकायको अपरिहार्यता कुनै पनि राष्ट्रको स्थायित्व, शान्ति र समृद्धिका लागि अत्यन्त महत्त्वपूर्ण हुन्छ। सुरक्षा निकाय भनेका देशको आन्तरिक तथा बाह्य सुरक्षा सुनिश्चित गर्ने संस्थाहरू हुन्, जसमा सेना, प्रहरी, सशस्त्र प्रहरी र अनुसन्धान विभागजस्ता निकाय पर्दछन्। यी निकायहरू बिना कुनै पनि राज्य सुरक्षित र व्यवस्थित रूपमा सञ्चालन हुन सक्दैन।

सुरक्षा निकायको पहिलो र प्रमुख काम भनेको देशको सार्वभौमिकता, स्वतन्त्रता र भौगोलिक अखण्डताको रक्षा गर्नु हो। बाह्य आक्रमण वा आन्तरिक विद्रोहको अवस्थामा राष्ट्र र नागरिकको ज्यान-माल जोगाउने जिम्मेवारी यिनै निकायहरूको काँधमा हुन्छ।

त्यसैगरी, कानुनको कार्यान्वयन, अपराध नियन्त्रण तथा शान्ति-सुरक्षा कायम राख्ने कार्यमा पनि सुरक्षा निकायको योगदान अत्यन्त ठूलो हुन्छ। प्राकृतिक विपत्ति–जस्तै भूकम्प, बाढी, पहिरो वा महामारीको समयमा उद्धार, राहत र पुनःस्थापनामा सुरक्षा निकाय अग्रपङ्क्तिमा रहेर काम गर्छन्। यसले मानवता, अनुशासन र सेवाभावको उदाहरण प्रस्तुत गर्दछ।

सुरक्षा निकाय जनताको भरोसाको आधार हुन्। सक्षम, अनुशासित र उत्तरदायी सुरक्षा निकायले मात्र देशमा स्थायी शान्ति, विकास र सुशासन कायम गर्न सक्छन्। त्यसैले सुरक्षा निकायको सुदृढीकरण र सम्मान गर्नु सबै देशवासीको साझा दायित्व हो।

सांसद बन्न जनताको भोट चाहिन्छ, प्रधानमन्त्री बन्न सांसदहरूको सङ्ख्या चाहिन्छ; तर सफल सरकार सञ्चालन गर्न सुरक्षा निकायको पूर्ण सहयोग आवश्यक पर्छ। त्यसैले सुरक्षा निकायलाई क्षणिक राजनीतिक स्वार्थमा प्रयोग गर्नु हुँदैन। अर्कोतर्फ, नेताहरूले आफ्नो स्वार्थका लागि सेनालाई राजनीतिमा प्रवेश गराएर हस्तक्षेप गराएका देशहरूमा गृहयुद्ध र विखण्डन भएका धेरै उदाहरण छन्। त्यसैले संवेदनशील संस्थालाई जबर्जस्ती निहित स्वार्थका लागि राजनीतिमा धकेल्नु हुँदैन। स्वार्थभन्दा माथि राष्ट्रहित राखिनुपर्छ।

विकसित देशहरूका साथै हाम्रा छिमेकी मुलुकहरू–भारत र पाकिस्तानमा समेत सुरक्षा निकायको ठूलो सम्मान छ। ती मुलुकका जनता राष्ट्रिय सुरक्षाको विषयमा अत्यन्त संवेदनशील छन्। त्यहाँ सुरक्षा निकायप्रति सामान्यतः नकारात्मक सोच राखिँदैन। सुरक्षा संयन्त्र अत्यधिक हातहतियारले सुसज्जित हुनु राष्ट्रको मात्र होइन, आफ्नै गौरवको विषय ठानिन्छ। आफ्ना सेनाहरू माथि गरेका नकारात्मक टिप्पणी त्यहाँका जनता रुचाउँदैनन् ।

उदाहरणको लागि भारतमा सम्पन्न भएको आम चुनाव २०१९ ठिक अगाडि भारतीय जनता पार्टीको सरकारले पाकिस्तान नियन्त्रित काश्मिर पुलवामा सर्जिकल स्ट्राइक गरेको थियो। जसमा विपक्षी दल काङ्ग्रेस आईले चुनाव अगाडि भारतीय जनता पार्टीको प्रोपोगाण्ड मात्र हो, त्यहाँ कुनै किसिमको सर्जिकल स्ट्राइक भएको छैन, यो झुटा सर्जिकल स्ट्राइक हो । यदि हो भने प्रमाण पेस गर भन्ने आवाज उठाएका थिए। त्यसपछि भारतीय जनता पार्टीले, काङ्ग्रेस आईले उठाएको सेनाको शक्तिमाथिको आशंकालाई चुनावी मुद्दा बनाए। सेनाले गरेको आक्रमणलाई झुट भन्ने, सेनाको शक्तिको प्रमाण माग्ने र सेनाको मनोबल गिराउने भन्दै सशक्त रूपमा मुद्दा उठाएपछि काङ्ग्रेस आई ले नराम्रोसँग चुनावमा हार बेहोर्नुपऱ्यो। त्यसको असर अहिलेसम्म भोगिराखेको देखिन्छ।

भारतमा सुरक्षा निकायको महत्त्वलाई आत्मसात् गर्दै मुम्बईमा प्रसिद्ध कलाकारहरूले प्रत्येक वर्ष सुरक्षाकर्मीहरूको सम्मानमा मनोरञ्जनात्मक कार्यक्रमहरू आयोजना गर्ने परम्परा रहिआएको छ। यसको भाव यही हो– "तपाईंहरूका कारण देश र हामी सुरक्षित छौं"

***हाम्रा जवान तथा सिपाहीहरू,***

गणतन्त्र स्थापना भएपछि केही नेताहरूको स्वार्थका कारण देशमा भ्रष्टाचार मौलायो, सुशासन कमजोर भयो र बेरोजगारी बढ्यो। देशले अपेक्षित राजनेता पाउन सकेन। जनता र नेताबिच विश्वासको खाडल झन् गहिरिँदै गयो। समाज भित्र स्वार्थ समूहहरू जन्मिए । समाज विद्रोहतर्फ उन्मुख भयो। नकारात्मक विचारले स्थान पाउन थाले। सामाजिक सञ्जालमा आक्रोश पोखिन थाल्यो। देशभित्र सुरक्षा चुनौती बढ्दै गयो । सुरक्षाको प्रत्याभूति दिने क्रममा सुरक्षा निकायबाट बल प्रयोग गर्ने स्थिति आयो। त्यसको कारणले तपाईंहरूमाथि नकारात्मक धारणा बन्न थाल्यो । दोष राज्य सञ्चालन गर्नेको थियो, तपाईंहरूको थिएन। यसरी बुझिदिनु होला।

तपाईंहरूले बुझ्नुपर्ने कुरा के छ भने केही समूहहरू सुरक्षाकर्मीलाई मात्र कमजोर बनाउन तिर लागेका छैनन्, तिनीहरू बिरामी बचाउन रातदिन खटिने चिकित्सकमाथि आक्रमण गर्छन् अनि शिक्षाको ज्योति दिने गुरुमाथि कालोमोसो दल्छन्। संसदलाई कानुन बनाउन नसक्ने अवस्थामा र न्यायालयलाई न्याय दिन नसक्ने अवस्थामा पुऱ्याइएको छ । यस्तो अवस्थामा तपाईंहरूमाथि आएका चुनौतीहरूबाट विचलित नहुनुहोला।

राजनीतिक हस्तक्षेप र सुरक्षा निकायभित्रका केही स्वार्थी प्रवृत्तिका कर्मचारीका कारण संगठन को मनोबल गिरेको हुनसक्छ । तर विचलित नहुनुहोस्।

विश्वासको वातावरण कमजोर बन्दै गएको अवस्थामा तपाईंहरूले गर्ने हरेक काम-कारबाही प्रजातन्त्रको मूल्य मान्यता आत्मसात् गर्दै र मानव अधिकार को संरक्षण गर्दै , देशको नियम कानुनअनुसार हुनुपर्छ। द्वन्द्व, भीड र आन्दोलन नियन्त्रण सुरक्षा कार्यविधिअनुसार हुनुपर्छ। जुनसुकै तहको बल प्रयोग पनि प्रक्रियागत हुनुपर्छ। प्रक्रियागत गरेका कार्यहरू जनताले सजिलैसँग ग्रहण गर्दछन्। प्रमाण र भिडियो अभिलेख सुरक्षित राख्नुपर्छ, ताकि भविष्यमा कसैले तपाईंहरूलाई अन्यायपूर्वक फसाउन नसकोस्। देश परिवर्तनको संघारमा छ। आशा छ–जनता र तपाईंहरूको संगठनले भविष्यमा सकारात्मक निकास पाउनेछ।

प्रिय जवानहरू, भदौ २३ र २४ गते जेनजी विद्रोहमा नागरिक तथा भौतिक संरचना जोगाउन नसकेको विषयमा प्रश्न उठेको छ। यी घटनाहरूको सम्बन्धमा सुरक्षा विज्ञहरूका बहसको सारांश, बुँदागत रूपमा प्रस्तुत गर्न गइरहेको छु।

सामाजिक सञ्जालमार्फत जेनजी पुस्ताले विरोध प्रदर्शन गर्दै छ भन्ने जानकारी पहिले नै सार्वजनिक थियो। जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट त्यसको लागि पूर्व स्वीकृति लिइएको थियो। भदौ २३ गते माइतीघरमा भेला हुने कार्यक्रम स्पष्ट रूपमा सार्वजनिक गरिएको थियो। आन्दोलनबारे कुनै कुरा लुकीछिपी थिएन, सूचना प्रस्ट थियो।

जब भदौ २३ गते जुलुस संसद् भवनतर्फ अगाडि बढ्यो, सधैंझैं सडकमा विभिन्न तहमा ब्यारिकेट राखिएको देखिएन। यदि तह तहमा ब्यारिकेट राखिएको भए, तोडिनुभन्दा पहिले माइकिङ गर्न सकिन्थ्यो, अश्रुग्यास प्रहार गर्न सकिन्थ्यो, पानीको फोहरा प्रयोग गर्न सकिन्थ्यो। मानौं, जुलुस ब्यारिकेट तोड्दै संसद् भवनको गेट अगाडि पुगिसकेको भए हवाई फायर गर्न सकिन्थ्यो। त्यसले पनि नियन्त्रणमा नआएको भए रबरको गोली प्रहार गर्न सकिन्थ्यो। त्यसपछि पनि नियन्त्रण गर्न नसकिएको अवस्थामा खुट्टामा गोली हान्न सकिन्थ्यो। त्यसले पनि नियन्त्रण गर्न गाह्रो भएको भए बालबालिकाले आफ्नै संसद् भवन नियन्त्रणमा लिएको खुसीयालीमा केहीबेर रमाउँदै, सेल्फी खिचेर घर फर्किन्थे होला।अमेरिकामा डोनाल्ड ट्रम्प समर्थकले क्यापिटल हिल नियन्त्रणमा लिंदा पनि अमेरिकी सरकार संयमित देखिएको थियो। त्यहाँ कुनै अप्रिय दुर्घटना हुन पाएन ।

आक्रोश, भिड, आन्दोलन, विद्रोह र लडाइँलाई रणनीतिक माध्यमबाट जित्न वा क्षति न्यूनीकरण गर्न सकिन्छ। तर जेन्जी आन्दोलनबारे सुरक्षा समितिको बैठक नै बसेन, सुरक्षा समितिले रणनीति नै बनाएन भन्ने प्रश्न उठेको छ। तत्कालीन प्रधानमन्त्री भदौ २२ गते गोदावरीमा आफ्ना कार्यकर्ताहरूको भिड देखेर आफूलाई सर्वशक्तिमान् ठानेर जेनजीलाई ललकार्दै आन्दोलनलाई झन् उक्साइरहेको जस्तो देखिन्थ्यो। तत्कालीन गृहमन्त्री आईजीपीसमेत लिएर संसदभित्रै छलफलमा थिए, तर आन्दोलनकारीले संसद् भवन घेरेको थाहा पाएनन्।

भदौ २४ गते साँझ ५ बजे सर्वदलीय बैठक डाकियो। कर्फ्यु आदेश जारी भएको देखिएन। सुरक्षा परिषद्को बैठक बसेको सुनिएन। प्रक्रियागत रूपमा सेना सञ्चालन गर्न आदेश दिएको प्रमाण देखिएन।जबकि भदौ २३ गते बालबालिकामाथि गोली चलेपछि भदौ २४ गते ठूलो आँधीबेहरी आउने सङ्केत अधिकांश नेपालीले बुझिसकेका थिए, तर सरकार संवेदनशील देखिएन। तत्कालीन प्रधानमन्त्रीले संसद् भवन अगाडि बालबालिका गोलीबाट ढालेदेखि आफ्नो राजीनामा नआउँदासम्म कुनै किसिमको क्षति न्यूनीकरण गर्ने प्रयास गरेको देखिएन। त्यसैले भदौ २३ र २४ मा भएका घटनाहरूको सम्पूर्ण दोष तपाईंहरूप्रति औंल्याएर जिम्मेवार व्यक्तिहरू उम्कन पाउने छैनन् ।

अन्तमा, गौरवमय इतिहास बोकेको सुरक्षा निकायलाई कमजोर बनाउन केही स्वार्थ समूहहरूले सामाजिक सञ्जालमा राख्ने नकारात्मक टिप्पणीले विचलित हुनुहुँदैन। तपाईंहरू धर्म नछोडी, आफ्नो कर्तव्यमा अनुशासित र मर्यादित भई निर्वाचन सम्पन्न गराई देशमा सधैं शान्ति स्थापना गर्न अग्रसर रहनुहोस्। नेपाली जनता सधैं तपाईंहरूको साथमा हुनेछ। *साभार: रातोपाटीडटकम*

# मौसम बदलिँदा बालबालिका बिरामी किन हुन्छन् ?



काठमाडौं । जब मौसम फेरिन्छ, बालबालिकाको स्वास्थ्यमा असर पर्न सक्छ। बिहान चिसो, दिउँसो हल्का गर्मी र साँझ फेरि चिसो–यी परिवर्तनहरूले बालबालिकाको शरीर छिट्टै थकाउँछ। यस समयमा रोग प्रतिरोधात्मक क्षमता कमजोर भएसँगै रुघाखोकी, ज्वरो, खोकी र घाँटी सम्बन्धी समस्याको जोखिम बढ्छ। आयुर्वेद र विज्ञान दुवैले यसलाई स्वीकार्छन्। शरीरको आन्तरिक शक्ति बलियो भएमा बालबालिका रोगबाट बच्न सक्छन्।

***बालबालिकाको आहारमा ध्यान दिनुहोस्***

बालबालिकालाई हल्का, ताजा र पौष्टिक खाना खुवाउनु पर्छ। हरियो तरकारी, मौसमी फलफूल, दाल, भात, रोटी र दूधले शरीरलाई शक्ति दिन्छ। अत्यधिक भुटेको वा बाहिरको खानाले पेट कमजोर पर्छ र रोग सजिलै लाग्छ। मनतातो पानी वा हल्का सुपले शरीर भित्रबाट न्यानो राख्छ।

***सफाईले रोगविरुद्ध सुरक्षा दिन्छ***

हातबाट धेरैजसो कीटाणु शरीरमा प्रवेश गर्छन्। खाना खानु अघि, बाहिर खेलेर आएपछि र बाथरूम प्रयोगपछि हात धुनु बालबालिकाको लागि जरुरी छ। सफा हातले धेरै संक्रमणबाट बचाउँछ र स्वस्थ जीवनको बानी सिकाउँछ।

***पर्याप्त पानीको सेवन***

शरीरलाई भित्रबाट सफा राख्न र तरल पदार्थ आवश्यक हुन्छ। दिनभर थोरै-थोरै पानी, नरिवलको पानी, मोही वा घरमै बनाएको फलफूलको रस पिलाउँदा शरीर सन्तुलित र चिसो रहन्छ।

***राम्रो निद्रा स्वास्थ्यको आधार***

सुसंगत निद्राले शरीरलाई रोगसँग लड्न तयार बनाउँछ। बालबालिकाले निश्चित समयमा सुत्ने र उठ्ने बानी बसाएमा शरीर र मस्तिष्क दुवै स्वस्थ रहन्छ।

(अस्वीकरण: सल्लाह सहितको सामग्री सामान्य जानकारीका लागि अनलाइन स्रोतबाट तयार पारिएको हो।)

# युक्रेनका पूर्वऊर्जामन्त्री देश छोड्न खोज्दा पक्राउ



एजेन्सी ।युक्रेनका एकजना पूर्व ऊर्जामन्त्रीलाई देश छोड्ने प्रयास गर्दा पक्राउ गरिएको अधिकारीहरूले बताएका छन्।

हर्मन हलुश्चेन्को एक भ्रष्टाचार काण्डमा नाम उल्लेख भएका अधिकारीहरूमध्ये एक हुन् जो गत वर्ष आफ्नो सरकारी भूमिकाबाट बर्खास्त गरिएका थिए। युक्रेनमा रेल यात्राक्रममा उनलाई पक्राउ गरिएको बताइएको छ। उनी कहाँ जान खोजेका थिए भन्ने कुरा स्पष्ट छैन।

गत नोभेम्बरमा १० करोड अमेरिकी डलरको हिनामिना भएको भनिएको एक काण्डमा रुरुसंलग्न कैयौँ सरकारी व्यक्तित्वहरूमध्ये उनी एक थिए। रुसको पूर्ण आकारको आक्रमणअघि भ्रष्टाचार उन्मूलन गर्ने वाचासहित सत्तामा आएको युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीको प्रशासनलाई यो काण्डले पिरोल्ने देखिन्छ।

यसअघि युद्धका बेला निकटतम सल्लाहकार रहेका जेलेन्स्कीका चीफ अफ स्टाफ एन्ड्री यर्माकले आफ्नो घरमा खानतलासी गरिएपछि राजीनामा दिएका थिए।

राष्ट्रपति वा यर्माक दुवैलाई कुनै गलत कामको आरोप लगाइएको छैन।

यद्यपि यस काण्डका कारण अमेरिकाबाट चुनाव गराउन दबाव बढाएको छ। युक्रेनी संविधानका प्रावधान अनुसार सन् २०२२ मा युद्ध सुरु भएदेखि नै त्यहाँ चुनाव निलम्बित छ।

युक्रेनको केन्द्रीय भ्रष्टाचार विरोधी निकाय (नाबु)ले आइतवार एक विज्ञप्ति जारी गर्दै उसका गुप्तचरहरूले मिडास नामक मुद्दाको एउटा हिस्साको रूपमा "राज्यको सीमा पार गर्ने क्रममा" ती पूर्वऊर्जामन्त्रीलाई हिरासतमा लिएको जनाएको छ।

त्यसमा हलुश्चेन्कोको नाम प्रस्ट रूपमा नभए तापनि कैयौं प्रमुख युक्रेनी मिडिया संस्थाहरूले उनको नाम उल्लेख गरेका छन्।

हलुश्चेन्को छोटो समयका लागि न्यायमन्त्री समेत बनेका थिए जुन पदबाट नोभेम्बरमा जेलेन्स्कीले राजीनामा दिन लगाएका थिए।

त्यसअघि उनले तीन वर्ष ऊर्जामन्त्रीको रूपमा काम गरेका थिए। उनीपछि पद सम्हालेकी व्यक्तिले समेत यस काण्डमा फसेपछि राजीनामा दिएकी थिइन्।

नाबुले हलुश्चेन्कोको हिरासतको बारेमा थप विवरण दिएको छैन। तर समय क्रममै अद्यावधिक जानकारी दिइने जनाएको छ।

रेडियो फ्री युरोपका अनुसार उनलाई थप सोधपुछको लागि किएभ लगिएको छ। त्यसअघि सीमा गार्डहरूले भाग्ने प्रयास गरेमा अधिकारीहरूलाई सचेत गराउन भनिएको थियो।

***अनुसन्धानले के देखाएका छन्***

नाबु र युक्रेनका अन्य भ्रष्टाचारविरोधी निकाय - भ्रष्टाचारविरोधी विशेष अभियोजकको कार्यालय ( एसएपी) ले १५ महिनाको अनुसन्धानको नतिजाका रूपमा अपरेशन मिडास भनिने ठूलो भ्रष्टाचारविरोधी अनुसन्धानले भ्रष्टाचार भएको देखाएको हो।

ती निकायले कैयौँ व्यक्तिहरूलाई राष्ट्रिय परमाणु अपरेटर एनरहोएटमसहित युक्रेनको ऊर्जा क्षेत्रमा पैसा हिनामिना गर्ने योजना बनाएको आरोप लगाएका छन्।

हलुश्चेन्को ती व्यक्तिहरूमध्ये एक थिए जसलाई एनरहोएटम ठेकेदारहरूबाट सम्झौता मूल्यको १० प्रतिशतदेखि १५ प्रतिशतसम्मको 'घुस' सङ्गठित रूपमा सङ्कलन गरेको आरोप लगाइएको थियो।

भ्रष्टाचार विरोधी निकायहरूले सो योजनामा रुरुठूलो रकम हिनामिना गरिएको र नगदले भरिएका झोलाहरूको तस्बिरहरू प्रकाशित गरेको पनि जनाएका छन्।

नाबुका अनुसार त्यसपछि रकम युक्रेन बाहिर रुस लगायतमा स्थानान्तरण गरिएको थियो। हलुश्चेन्कोले यसअघि नै ती आरोपका विरुद्धमा आफ्नो बचाउ गर्ने बताएका थिए।

***आक्रोश***

पूर्वउपप्रधानमन्त्री ओलिक्सैए चिर्नसोफलाई नोभेम्बरमा "अवैध संवर्धन" को आशङ्कामा पक्राउ गरिएको थियो। उनीमाथि पहिले नै पदको दुरुपयोगको आरोप लगाइएको थियो।

जेलेन्स्कीको पूर्व टीभी स्टुडियो क्वार्टल९५ का सह-मालिक र व्यापारी टिमुर मिन्डिचलाई शङ्कास्पद व्यक्तिको रूपमा देखाइएपछि उनी देश छोडेर भागेको बताइएको छ।

युक्रेनको ऊर्जा क्षेत्रबाट आफूलाई समृद्ध बनाएको आरोप लगाइएको तथ्याङ्कले घरेलु रूपमा विशेष आक्रोश निम्त्याएको छ।

त्यहाँ रुसले कडा जाडो अगाडि युक्रेनको ऊर्जा पूर्वाधारमा आक्रमणहरू बढाएपछि यो काण्ड बाहिर आएको थियो। नाबु र सापले एक दशकदेखिका भ्रष्टाचारविरोधी अभियानकाबीच यस पूर्व सोभियत सङ्घ सदस्य देश लामो समयदेखि भ्रष्टाचारका मुद्दाहरूले ग्रस्त छ।

युरोपेली सङ्घ ईयूमा युक्रेन सामेल हुनको लागि प्रमुख आवश्यकताको रूपमा भ्रष्टाचारसँग जुझ्नुलाई लिइन्छ।बीबीसी

# गाजाका लागि पाँच अर्ब डलर सहयोग गर्ने ट्रम्पको प्रतिबद्धता



एजेन्सी

काठमाडौं ४ फागुन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नव गठित शान्ति बोर्डले गाजाका लागि मानवीय र पुनर्निर्माण सहायता स्वरुप पाँच अर्ब डलर सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

सामाजिक सञ्जाल मार्फत ट्रम्पले सन् २०२६ फेब्रुअरी - १९, मा, शान्ति बोर्डका सदस्यहरूमा सामेल हुने र जहाँ सदस्य राष्ट्रहरूले मानवीय प्रयास र गाजाको पुनर्निर्माणलाई सहयोगको प्रतिज्ञा गरेको घोषणा गर्ने जनाएका छन् ।

गाजामा सुरक्षा कायम गर्न अन्तर्राष्ट्रिय स्थिरीकरण बल ( आइएसएफ) र स्थानीय प्रहरीमा हजारौँ कर्मचारी नियुक्त गरिएकोसमेत उनले प्रष्ट पारेका छन् । आसन्न बैठकले शान्ति बोर्डको पहिलो आधिकारिकतालाई प्रतिविम्वित गर्ने जनाइएको छ भने अमेरिकी राष्ट्रपति ट्रम्पले यो पहल गाजाको भविष्यको निर्णायक बिन्दु भएको उल्लेख गरेका छन् ।

न्युयोर्क टाइम्सले यस अघि अमेरिकाले गाजामा शान्ति बोर्ड स्थापनाको परियोजनाहरूका लागि एक अर्ब डलर भन्दा बढी रकम दिने वाचा गरेको जनाएको थियो ।

ह्वाइट हाउसका एक अधिकारीले आगामी दिनमा थप प्रतिज्ञाहरू अपेक्षा गरेको जनाउँदै गत सेप्टेम्बरमा घोषणा गरिएको ट्रम्पको २०-बुदे शान्ति योजनाले युद्धविरामको लागि मार्ग प्रशस्त गर्ने र शान्ति बोर्डले कोष व्यवस्थापन गर्ने जनाएका छन् ।

स्रोतका अनुसार वित्तीय प्रतिज्ञाहरूको ठुलो हिस्सा गाजामा मानवीय परियोजनाहरूका साथै आइएसएफका लागि समर्थनका लागि तोकिएको छ ।

राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा जनवरी- २२ मा सुरु गरिएको शान्ति बोर्डमा अहिले सम्म २० भन्दा बढी देश सामेल भइसकेका छन् भने बोर्डको स्थापना चार्टर स्विजरल्याण्डको डाभोसमा विश्व आर्थिक फोरमको एक समारोहमा हस्ताक्षर गरिएको थियो ।

# रक्षा खर्चमा भारी वृद्धिबारे सोच्दै छ बेलायत ?



एजेन्सी

लन्डन ४ फागुन । सरकारले रक्षा खर्च भारी मात्रामा बढाउने सम्भावनाको अध्ययन गरिरहेको बेलायती प्रधानमन्त्री किर स्टार्मरले जनाएका छन् ।

सरकारले पहिल्यै तय गरिएको लक्ष्यभन्दा छिटो रक्षा बजेट बढाउने विकल्पबारे आन्तरिक छलफल गरिरहेको डाउनिङ स्ट्रिट (बेलायती प्रधानमन्त्रीको सरकारी निवास) ले भनेको छ ।

विश्वव्यापी सुरक्षा चुनौती बढिरहेको भन्दै म्युनिख सुरक्षा सम्मेलनमा स्टार्मरले अझ बढी र अझ छिटो खर्च गर्नुपर्ने आवश्यकता रहेको औंल्याएका थिए । उनले गत वर्ष बेलायतले सन २०२७ सम्म जीडीपीको साढे २ प्रतिशत रक्षा क्षेत्रमा खर्च गर्ने प्रतिबद्धता जनाएका थिए । साथै आगामी संसद् कार्यकालमा यो खर्च तीन प्रतिशत पुर्‍याउने महत्त्वाकांक्षा पनि सार्वजनिक गरेका थिए ।

बीबीसीका अनुसार प्रधानमन्त्रीका सल्लाहकारहरूले अब सो तीन प्रतिशतको लक्ष्य हालको संसद् कार्यकालभित्रै सम्भवत: सन २०२९ सम्म हासिल गर्ने प्रस्तावमाथि अध्ययन गरिरहेका छन् । तर यसबारे अन्तिम निर्णय भने भइनसकेको बताइएको छ । यस योजनामा अर्थ मन्त्रालय सावधानीपूर्वक अघि बढ्न चाहिरहेको स्रोतहरूले बताएका छन् ।

रक्षा मन्त्रालयलाई आगामी चार वर्षमा हालका प्रतिबद्धता पूरा गर्न थप करिब २८ अर्ब पाउन्ड आवश्यक पर्ने रिपोर्ट सार्वजनिक भइसकेको छ । बेलायती रक्षमन्त्री सर रिचार्ड नाइटनले जनवरीमा सांसदहरूलाई हालको बजेटले चाहिएका सबै काम समयमै गर्न नसकिने बताएका थिए । बढ्दो सुरक्षा चुनौती, चालु रक्षा कार्यक्रमको लागत वृद्धि तथा पुराना बिलहरूका कारण सरकारले खर्च योजना अगाडि सार्ने विकल्प विचार गरिरहेको भनिएको छ ।

यद्यपि रक्षा लगानी योजना अझै अन्तिम चरणमा रहेको र ठोस निर्णय नभएको डाउनिङ स्ट्रिटले स्पष्ट पारेको छ । यदि रक्षा खर्चलाई जीडीपीको तीन प्रतिशतमा पुर्‍याउने लक्ष्य पाँच वर्ष अगावै लागु गरिए बेलायतको सरकारी खर्चमा ठुलो दबाब पर्ने विश्लेषण गरिएको छ ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

## पन्ध्र दिवसीय.......

डोला कल्यानेश्वर पुग्ने छ । त्यसपछिका दिनमा मठिहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कञ्चनवन, क्षीरेश्वरनाथ ( पर्वता), धनुषाधाम, सतोषर, औरही पुनः कल्याणेश्वर हुँदै फागुपूर्णिमाका दिन जनकपुरधाम फर्केर पञ्च कोशीय अन्तगृह परिक्रमा गरी समाप्त हुने छन् ।

अठारौँ शताब्दीदेखि धार्मिक यात्रालाई माध्यमिकी परिक्रमाको रूपमा मनाइँदै आइएको छ । धार्मिक यात्रा १५ दिनभित्र जनकपुर पुगि होली खेलेर फागुपूर्णिमा तिथि पारी समापन गर्ने परम्परा छ । यस परिक्रमामा सहभागी भएमा मन, वचन र कर्मले भएका अनेकन पाप तथा अन्याय नष्ट भएर मनोकामना पूरा हुने एवम् मोक्ष प्राप्ति हुने जनविश्वास रहिआएको छ ।

# आचारसंहिता पालनामा मुख्यमन्त्रीको जोड

दैनिक समाचारदाता
जनकपुरधाम ४ फागुन । मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले आगामी निर्वाचनलाई निष्पक्ष, मर्यादित तथा शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सबै राजनीतिक दलहरूले निर्वाचन आचारसंहिता अनिवार्य रूपमा पालना गर्नुपर्ने बताउनुभएको छ।



निर्वाचन आयोग नेपाल र कानुन समाजद्वारा आज जनकपुरधाममा आयोजित 'निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन र सरोकारवालाहरूको भूमिका' विषयक कार्यक्रममा बोल्दै मुख्यमन्त्री यादवले उक्त धारणा व्यक्त गर्नुभयो।

उहाँले राजनीतिक दलहरूको सहमतिमै तयार भएको 'निर्वाचन आचारसंहिता २०८२' सबैले इमानदारीपूर्वक पालना गरे निर्वाचनमा हुने अनावश्यक खर्च नियन्त्रण हुने र दीर्घकालमा सुशासन स्थापना गर्न ठूलो टेवा पुग्ने बताउनुभयो। निर्वाचनमा अत्यधिक खर्च हुने प्रवृत्तिका कारण सक्षम र योग्य उम्मेदवारहरूलाई प्रतिस्पर्धामा उत्रन कठिनाइ हुने गरेको उल्लेख गर्दै उहाँले विगतको तुलनामा आचारसंहिता उल्लङ्घनका घटना घट्नु सकारात्मक संकेत भएको बताउनुभयो।

कार्यक्रममा निर्वाचन आयुक्त सगुन सम्शेर जबरले निष्पक्ष, स्वतन्त्र तथा धाँधलीरहित निर्वाचनका लागि राजनीतिक दलहरूको सहमतिमा बनेको आचारसंहिताको पालना अपरिहार्य रहेको धारणा राख्नुभयो। उहाँले निर्वाचनलाई कम खर्चिलो र तडकभडकमुक्त बनाउन दल र उम्मेदवारमात्र होइन, आम नागरिकले पनि आचारसंहिताको पालना गर्नुपर्ने बताउनुभयो।

यस अवसरमा आयोगका सह-सचिव राजेन्द्र केसी तथा मधेस प्रदेशका पूर्व मुख्य न्यायाधिवक्ता एवं वरिष्ठ अधिवक्ता सुरेन्द्रकुमार महतोले आ-आफ्नो कार्यपत्र प्रस्तुत गर्दै सुशासन स्थापनाका लागि निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन आवश्यक रहेकोमा जोड दिनुभयो।

कार्यक्रममा मधेस प्रदेशका चारै सुरक्षा निकायका प्रमुख, धनुषा र महोत्तरीका प्रमुख जिल्ला अधिकारी, निर्वाचन कार्यालयका प्रमुख तथा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरूको सहभागिता रहेको थियो।

# जनकपुरमा अन्तर्राष्ट्रिय नाट्य महोत्सव सुरु

दैनिक समाचारदाता
जनकपुरधाम, ४ फागुन । भाषा, साहित्य, कला र संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले जनकपुरधाममा भोलि (मङ्गलबार)देखि चारदिने जनकपुरधाम साहित्य, कला तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सव आयोजना हुँदैछ। मैथिली विकास कोषको आयोजनामा फागुन ५ देखि ८ गतेसम्म महोत्सवको पाँचौं शृङ्खला सञ्चालन हुन लागेको हो।




कोषका अनुसार महोत्सवमा बौद्धिक विमर्श, नाटक तथा विविध सांस्कृतिक प्रस्तुतिहरू आयोजना गरिनेछ। कोषका अध्यक्ष जीवनाथ चौधरीले महोत्सवमा करिब २० विषयमा गहन विमर्श हुने जानकारी दिनुभयो। उहाँका अनुसार कला-साहित्यसँगै राजनीति, सामाजिक सरोकार र इतिहासलगायतका विषयमा छलफल हुनेछ। साथै चित्रकला, पुस्तक तथा मिथिला भोजन प्रदर्शनीसमेत आयोजना गरिनेछ।

महोत्सवमा नेपाल र भारतका विद्वान-विदुषी, कलाकार तथा नाट्य समूहहरूको सहभागिता रहने जनाइएको छ। चार दिनसम्म जनकपुरधाम साहित्य, कला र सङ्गीतले झङ्कृत हुने विश्वास आयोजकले व्यक्त गरेका छन्।

महोत्सवका मुख्य आकर्षणमा सांस्कृतिक झाँकीसहितको शोभायात्रा, उद्घाटन समारोह, विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता, कविता वाचन, लोकनृत्य तथा मिथिला चित्रकला प्रतियोगिता रहेका छन्। महोत्सव अवधिभर मिथिला चित्रकला कार्यशाला तथा प्रदर्शनी, मिथिला भोजन तथा पुस्तक प्रदर्शनीसमेत सञ्चालन गरिनेछ।

यसैगरी 'छुतहा घेल', 'कथा नइ भेटल', 'जटजटिन', 'देसिल बयना' र 'बहुरुपिया'लगायतका नाटक मञ्चन गरिने कार्यक्रम छ। भारतको पटनास्थित चेतना समितिद्वारा 'देसिल बयना' नाटक प्रस्तुत गरिनेछ। नेपाल र भारतका विशिष्ट रङ्गकर्मी, गायक-गायिका तथा नाट्य समूहहरूको सांस्कृतिक प्रस्तुति पनि रहने आयोजकले जनाएको छ। फागुन ७ र ८ गते पुस्तक चर्चा, दलित विमर्श तथा "भाषास् हिमालयसँ गंगा धरि", "नेपालीय मैथिली साहित्यक प्रवृत्ति", "जनकपुर गाथा", "सुगम प्रदेशमे दुर्लभ शिक्षा", "जल सभ्यता", "अर्थः लेबर सोल्जर" लगायतका विषयमा विमर्श आयोजना गरिनेछ। साथै कवि गोष्ठी, विद्यालयस्तरीय कवि गोष्ठी, समापन समारोह तथा पुरस्कार वितरण कार्यक्रमसमेत हुने जनाइएको छ। वि.सं. २०५८ सालमा स्थापना भएको मैथिली विकास कोषले प्रत्येक दुई वर्षमा अन्तर्राष्ट्रियस्तरको महोत्सव आयोजना गर्ने प्रतिबद्धताअनुसार यसअघि २०७३, २०७५, २०७८ र २०८० मा चार शृङ्खला सफलतापूर्वक सम्पन्न गरिसकेको छ। महोत्सव शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेशको आयोजना तथा जनकपुरधाम उपमहानगरपालिकाको सह-आयोजनामा सञ्चालन हुने जनाइएको छ।

# अमेरिकी व्यापार सम्झौतामा भारतमाथि दबाब

मुम्बई, ४ फागुन । संयुक्त राज्य अमेरिकासँग गरिएको नयाँ व्यापार सहमतिले भारतभित्र राजनीतिक र आर्थिक बहस चर्काएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको व्यापक भन्सार शुल्क नीतिको छायाँमा घोषणा गरिएको यस समझदारीलाई लिएर भारत सरकारले रक्षात्मक अवस्था अपनाउनु परेको छ भने आलोचकले यसलाई वासिङ्टन सामु झुकेको कदमको संज्ञा दिएका छन् ।

यस महिनाको प्रारम्भमा सार्वजनिक गरिएको सहमतिबारे औपचारिक विवरण सीमित छन् । संयुक्त वक्तव्य र ह्वाइट हाउसको तथ्यपत्रक बाहेक अन्य स्पष्ट प्रावधान बाहिर आएको छैन । तर नयाँदिल्लीले मार्च अन्त्यसम्म अन्तरिम समझदारीलाई अन्तिम रूप दिने जनाएको छ । यही अस्पष्टताले विशेष गरी कृषि क्षेत्रलाई चिन्तित बनाएको छ । शक्तिशाली किसान युनियनले सस्तो अमेरिकी कृषि आयात भित्रिँदा कृषिमा आश्रित ७० करोडभन्दा बढी जनसङ्ख्याको रोजगारी र आयमा प्रत्यक्ष असर पर्ने चेतावनी दिएका छन् ।

सम्झौतामा पाँच वर्षभित्र पाँच खर्ब अमेरिकी डलर बराबरका अमेरिकी वस्तु खरिद गर्ने भारतको आशय सबैभन्दा विवादास्पद पक्ष बनेको छ । गत आर्थिक वर्षमा अमेरिकाबाट भारतको कुल आयात करिब ४५ अर्ब डलर मात्र थियो । नयाँदिल्लीस्थित ग्लोबल ट्रेड रिसर्च इनिसिएटिभका अजय श्रीवास्तवका अनुसार वार्षिक खरिद दोब्बर गरेर एक खर्ब डलर पुर्‍याउने लक्ष्य यथार्थ परक देखिँदैन । उहाँले विमान खरिदलाई मुख्य आधार बनाइए पनि निजी एयरलाइन्सको निर्णयमा निर्भर हुने भएकाले त्यसबाट अपेक्षित परिमाण नआउने तर्क गर्नु भएको छ ।

यदि आगामी पाँच वर्षमा थप २०० बोइङ विमान खरिद गरिए पनि, प्रतिविमान औसत ३० करोड डलरका दरले जम्मा मूल्य करिब ६० अर्ब डलर मात्र पुग्ने उहाँको अनुमान छ । कतिपय अर्थशास्त्रीले भने 'प्रतिबद्धता' भन्दा 'आशय' शब्द प्रयोग गरिएकोले भारतलाई लचिलोपन मिल्ने बताएका छन् । क्यापिटल इकोनोमिक्सका शिवान टन्डनका अनुसार बाध्यकारी प्रावधान नराखी लक्ष्य निर्धारण गर्दा भविष्यमा लक्ष्य अपूरो रहे पनि कूटनीतिक जोखिम कम हुन्छ ।

यद्यपि ट्रम्प प्रशासनको अप्रत्याशित शैलीले अनिश्चितता कायम राखेको विश्लेषकको भनाइ छ । गत जुलाईमा भएको अर्को व्यापार सहमतिको कार्यान्वयनमा ढिलाइ भएको आरोप लगाउँदै ट्रम्पले दक्षिण कोरियामाथि थप कर लगाउने चेतावनी दिनु भएको उदाहरण उनीहरूले स्मरण गराएका छन् । ऊर्जा क्षेत्र पनि अर्को संवेदनशील विन्दु बनेको छ । वासिङ्टनले भारतले रुसी तेल खरिद रोक्ने 'प्रतिबद्धता' जनाएको दाबी गर्दै २५ प्रतिशत अतिरिक्त शुल्क फिर्ता लिएको बताइए पनि संयुक्त वक्तव्यमा यस्तो उल्लेख छैन । भारत सरकारले यसबारे स्पष्ट पुष्टि वा खण्डन गरेको छैन । ऊर्जा नीति राष्ट्रिय हितअनुसार बहुविकल्पीय स्रोतमा आधारित रहने सरकारी धारणा सार्वजनिक छ । सन् २०२५ को जनवरीतिर दैनिक करिब ११ लाख ब्यारेल पुगेको रुसी तेल आयात पछिल्लो समय घटेको देखिएको छ । केही राज्य स्वामित्वका रिफाइनरीले भेनेजुएलाबाट तेल खरिद गर्न थालेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । तर रुसी आयात पूर्णरूपमा रोकिने वा नरोकिने विषय अनिश्चित छ । रुसको रोजनेफ्टको आंशिक स्वामित्वमा रहेको मुम्बईस्थित नयारा एनर्जीले दैनिक करिब चार लाख ब्यारेल खरिद गर्ने योजना बनाएको ब्लुमबर्गको रिपोर्टले सङ्केत गरेको छ ।

फिच सोलुसन अन्तर्गत बिएमआईका ड्यारेन टेलेका अनुसार भारतले औपचारिक घोषणा नगरी मूल्य र उपलब्धतामा आधारित ऊर्जा नीति अपनाउने सङ्केत दिएको छ, जसले 'तेल प्लाङ' सम्बन्धी अस्पष्टता अझै कायम रहेको देखाउँछ । उहाँले केही रिफाइनरहरूले रुसी कच्चा तेलको स्पट खरिद घटाएको प्रारम्भिक सङ्केत भए पनि यसलाई पूर्ण नीतिगत परिवर्तन मान्न नमिल्ने बताउनुभयो । समग्रमा, भारतका लागि यो सहमति आर्थिक विस्तारभन्दा बढी राजनीतिक सन्तुलनको परीक्षा बनेको छ । व्यापार, ऊर्जा र कूटनीतिक दबाबबिच सन्तुलन मिलाउन नसके भविष्यका वृद्धिदर प्रक्षेपणमा असर पर्न सक्ने विश्लेषकको चेतावनी छ । रासस/एएफपी

# बैंक खातामार्फत मात्रै निर्वाचन खर्च

दैनिक समाचारदाता
काठमाडौँ, ४ फागुन । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बैंकिङ प्रणालीमार्फत निर्वाचन खर्च गर्दा पारदर्शिता र आर्थिक अनुशासन कायम हुने बताउनुभएको छ।



आज आयोगमा बैंकरहरूसँग आयोजित छलफल कार्यक्रममा उहाँले नगद लिएर प्रत्यक्ष रूपमा चुनावी खर्च गर्न नपाइने व्यवस्था गरिएको जानकारी दिनुभयो। सो प्रयोजनका लागि आयोगले छुट्टै निर्देशिका जारी गरेको उहाँको भनाइ थियो।

निर्वाचन आयोग नेपालले राजनीतिक दल तथा उम्मेदवारलाई निर्वाचन खर्चका लागि छुट्टै बैंक खाता खोल्न अनिवार्य व्यवस्था गरेको छ। अघिल्ला निर्वाचनमा बैंक खातामार्फत खर्च गर्न अनिवार्य गरिएको थिएन। तर यस वर्षदेखि भने सबै खर्च बैंक खाताबाटै गर्नुपर्ने प्रावधान लागू गरिएको हो।

"भूगोलअनुसार उम्मेदवारले २५ लाखदेखि ३३ लाख रुपैयाँसम्म खर्च गर्न पाउने व्यवस्था छ। उम्मेदवारको खाताबाट पैसा कहाँ-कहाँ खर्च हुन्छ भन्ने अनुगमन पनि यसपटक गरिन्छ। आर्थिक अनुशासन कायम गर्न यो व्यवस्था गरिएको हो," कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले भन्नुभयो।

आयोगका सचिव कृष्णबहादुर राउतले कालीकोटजस्तो दुर्गम जिल्लाका सबै उम्मेदवारले बैंक खाता खोलिसक्दा सुगम जिल्लाका धेरै उम्मेदवारले अझै खाता नखोलेको जानकारी दिनुभयो। देशका ७५३ वटै स्थानीय तहमा बैंकको पहुँच रहेकाले खाता खोल्न असहज नहुनुपर्ने उहाँको भनाइ थियो। कार्यविधिअनुसार २५ हजार रुपैयाँभन्दा बढी रकम बैंक खाताबाटै लेनदेन गर्नुपर्ने व्यवस्था छ।

आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले प्रत्यक्षतर्फका तीन हजार ४०६ उम्मेदवारमध्ये हालसम्म ६७१ जनाले मात्र बैंक खाता खोलेको जानकारी आयोगको प्रणालीमा प्राप्त भएको बताउनुभयो।

यस अवसरमा नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष सन्तोष कोइरालाले केही उम्मेदवारले राष्ट्रिय परिचयपत्र नहुँदा खाता खोल्न समस्या भएको जानकारी दिनुभयो। साथै राजनीतिक दल र उम्मेदवारले खर्च गर्ने संयन्त्र स्पष्ट पारिनुपर्ने आवश्यकता पनि औँल्याउनुभयो।

कार्यक्रममा विभिन्न बैंकका प्रमुख कार्यकारी अधिकृतहरूले निर्वाचन खर्च सकिएपछि बाँकी रकमको व्यवस्थापन कसरी गर्ने भन्ने जिज्ञासा राखेका थिए। यस विषयमा आयोगले आवश्यक निर्णय पछि गर्ने जनाएको छ।

आयोगले लागू गरेको यो व्यवस्थाले सम्पत्ति शुद्धीकरण प्रक्रियालाई सुदृढ गर्न तथा नेपाललाई अन्तर्राष्ट्रिय 'ग्रे लिस्ट'बाट हटाउन सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ। आगामी निर्वाचनमा यस प्रणालीलाई अझ परिष्कृत गर्दै लैजानुपर्नेमा समेत जोड दिइएको छ।

# जेनजी आन्दोलनमा लुटिएको पेस्तोल र गोली बरामद

झापा, ४ फागुन । जेनजी आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय अनारमनीबाट लुटिएका एक थान पेस्तोल र ४० राउन्ड गोलीसहित प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा कनकाई नगरपालिका-८ का २२ वर्षीय सुजय राजवंशी रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता खगेन्द्रबहादुर खड्काले जानकारी दिनुभयो ।

स्थानीय तुलबहादुर थापा मगरको घरमा अवैध हातहतियार र लागु औषध लुकाई-छिपाई राखेको भन्ने विशेष सूचनाका आधारमा प्रहरीले आइतबार छापा मारेको थियो । सो अवसरमा प्रहरीले उहाँका २२ वर्षीय छोरा सौगात थापा मगरले घरपछाडि रहेको कुखुराको खोरमा प्लास्टिकको ड्रमभित्र लुकाई-छिपाई राखेको ९८९ एमएमको पेस्तोल एक थान र गोली ४० राउन्ड बरामद गरेको हो ।

घटनामा संलग्न सौगात भने फरार रहेको प्रवक्ता खड्काले जानकारी दिनुभयो।लुटपाटमा संलग्न राजवंशीलाई मुलुकी अपराधसंहिता २०७४ बमोजिम कारबाही हुने उहाँको भनाइ छ । रासस

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website : www.esamachardainik.com
समाचार दैनिक

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४